## औरही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

औरही ,महोत्तरी
मधेश प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको हाट बजार सम्बन्धि शिलबन्दी दरभाउ पत्र आहवान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२/०४/१९)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ध) मा भएको व्यवस्था, नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त सम्बन्धि कार्यविधि, २०८२) बमोजिम आन्तरिक आय तर्फको लागि ठेक्का द्वारा गराउनको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेको इच्छुक फर्महरु तथा व्यक्तिहरुले दरभाउ पत्र पेश गर्नु पर्नेछ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगर कार्यापालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।.

तपसिलः

| सि. नं. | ठेक्का नं. | पोखरीको विवरण | ठेक्का अवधि | न्युन्तम कबुल अंक (मु.अ.क.समेत ) | फिर्ता नहुनेगरी बोल पत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/२०८२/८३- राजस्व | कठुधार बजार ,औरही -४ | १ वर्ष | रु.२,३५,०००।- | रु.१०००।- |
| २ | ०२/२०८२/८३- राजस्व | श्रीपुर धर्मशाला नजिकको बजार ,औरही -५ | १ वर्ष | रु. ३,९६,०००।- | रु.१०००।- |
| ३ | ०३/२०८२/८३- राजस्व | टिमकिया तल्लो बजार ,औरही -८ | १ वर्ष | रु.३०,०००।- | रु.१०००।- |
| ४ | ०४/२०८२/८३- राजस्व | पुर्वारी पोखरी, औरही -१ | ५ वर्ष | रु.१६,५५,०००।- | रु.३०००।- |
| ५ | ०५/२०८२/८३- राजस्व | पश्चिमवारी पोखरी, औरही -२ | ५ वर्ष | रु.३७,८६,०००।- | रु.५०००।- |
| ६ | ०६/२०८२/८३- राजस्व | भुटन पोखरी, औरही -८ | ५ वर्ष | रु.८,६०,०००।- | रु.३०००।- |
| ७ | ०६/२०८२/८३-राजस्व | वडा नं. ८ कार्यालय पछाडिको पोखरी, औरही -८ | ५ वर्ष | रु.५,००,०००।- | रु.१०००।- |

ठेक्का सम्बन्धि सामान्य शर्तहरु :-

१) दरभाउपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) राजस्व शाखाबाट तोकिएको समयमा खरिद गरि पेश गर्नु पर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

२) शिलवन्दी दरभाउपत्र साथ जमानत वापत कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको सिटिजन बैंक ,शाखा कार्यालय औरही ,महोत्तरी मा रहेको धरौटी खाता नं. :- औरही न.पा. ग ३.१ स्थानीय तथा धरौटी खाता ०६६०१००००१२४२०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समयभित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३) माथि उल्लेखित ठेक्काको कार्य स्थल दरभाउ पत्र दाताले आफै स्थलगत निरीक्षण गर्नु पर्ने छ र केहि सुझाव भए लिखित रुपमा कार्यलयमा निबेदन पेश गर्नु पर्ने छ ।

४) दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति २०८२/०४/२८ गतेका दिन कार्यालय समय सम्म र दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति २०८२/०४/२९ गतेका दिन १२:०० बजे सम्म तथा सोहि दिन १:०० बजे दरभाउ पत्र खोली मुचुल्का गरिनेछ ।

५) दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र पत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु उल्लेख गरिएको समयमा गरिनेछ ।

६) छुट्टा छुट्टै विषयको दरभाउपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्मको नाम र छाप स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्ने छ ।

७) रितपूर्वक दाखिला भएको शिलवन्दी दरभाउपत्रहरु कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

८) म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

९) दरभाउपत्र खरिद गर्न र पेश गर्न आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि हुनुपर्ने र प्रचलित कानुन अनुसार , फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा व्यवसाय कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ साथै व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

१०) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

११) विस्तृत जानकारीकोलागि कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस नगरपालिकाको राजश्व शाखामा आई विस्तृत जानकारी लिन सकिनेछ ।

१२) शिलबन्दी दरभाउ पत्र सम्बन्धि थप शर्त बन्देजहरु उपलब्ध गराइने दरभाउ पत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

१३) यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरु को हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

नोट :- माथि उल्लेखित सि. नं. १ र २ को कठुधार बजार र श्रीपुर धर्मशाला नजिकको बजारको लागी यो तेस्रो पटकको सुचना हो ।

०८२/४/१८

..................

नि. प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत